नेपाल सरकार
श्रम,रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
वैदेशिक रोजगार विभाग
ई.पि.एस. कोरिया शाखा ग्वार्को, ललितपुरको

**पहिलो चरणको कृषी तथा पशुपालन (Agriculture & Livestock) क्षेत्र तर्फ उत्तीर्ण भएका व्यक्तिहरुको स्वास्थ्य परीक्षण तथा रोजगार आवेदन फाराम (Job Application Form) दर्ता गर्ने सम्बन्धी**

**सूचना !!**

मितिः-२०७९।११।१६

(कोरियन भाषा परीक्षा (EPS-TOPIK) उत्तीर्ण गर्नु कोरियामा रोजगारीको ग्यारेन्टी होइन ।)

रोजगार अनुमति प्रणाली (EPS) अन्तर्गत सन् २०२३ को पहिलो चरणको कोरियन भाषा परीक्षा (EPS-TOPIK, UBT-2023) मा कृषी तथा पशुपालन (Agriculture & Livestock) क्षेत्र तर्फ उत्तिर्ण भएका यसैसाथ संलग्न नामावली सूचीमा समावेस भएका ३३२६ जना व्यक्तिहरुको एच.आर.डी सर्भिस अफ कोरियाको रोष्टरमा सूचिकृत प्रकृयाको लागि रोजगार आवेदन फाराम (Job Application Form) वितरण तथा दर्ता कार्यक्रम देहाय बमोजिम हुने व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**क) स्वास्थ्य परीक्षण (Medical Check up) गराउन जाँदा आवेदकले निम्न कागजातहरु अनिवार्यरुपमा लिई जानु पर्नेछ :-**

- दरखास्त फाराम भर्दा पेश गरेको राहदानीको सक्कल प्रति ।
- EPS-TOPIK परीक्षाको प्रवेशपत्र ।
- हालसालै खिचिएको पासपोर्ट साइजको फोटो २ प्रति ।
- स्वास्थ्य परीक्षण शुल्क वापत ५५.६४ अमेरिकन डलर बराबर मिति २०७९।११।२२ गते सोमबारका दिनको नेपाल राष्ट्र बैंकले तोकेको सटही दरले हुन आउने नेपाली रुपैयाँ सम्बन्धित स्वास्थ्य संस्थाबाट तोकिएको बैंक वा स्वास्थ्य संस्थाको काउण्टरमा बुझाउनु पर्नेछ ।
- स्वास्थ्य परीक्षणको Report सम्बन्धित अस्पतालबाटै प्राप्त हुने भएकोले सम्बन्धित उम्मेदवारहरुले Report लिन अस्पतालमा नगद रकम वा बैंकमा बुझाएको भौचर लिई तोकिएको मिति र समयमा अस्पतालमा सम्पर्क गर्नुहुन जानकारी गराइन्छ ।
- स्वास्थ्य परीक्षण बारेको अन्य जानकारी सम्बन्धित अस्पतालबाट उपलब्ध हुनेछ ।
- सम्बन्धित व्यक्तिहरुले स्वास्थ्य परीक्षणका लागि तोकिएको अस्पतालमा स्वास्थ्य परीक्षण हुने मितिमा सम्पर्क राख्नु पर्नेछ ।

**ख) स्वास्थ्य परीक्षण तालिका**

पहिलो चरणको कृषी तथा पशुपालन (Agriculture & Livestocks) क्षेत्रमा उत्तीर्ण उम्मेदवारको स्वास्थ्य परीक्षण तालिका

| सि. नं. | मिति | पाटन अस्पताल, लगनखेल, ललितपुर । | | निजामती अस्पताल, मिनभवन, काठमाण्डौं । | | नेपाल कोरिया मैत्री अस्पताल, ठिमी, भक्तपुर । | | शुक्रराज ट्रपिकल अस्पताल, टेकू काठमाण्डौं । | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | सि.नं. | | सि.नं. | | सि.नं. | | सि.नं. | |
| | | देखि | सम्म | देखि | सम्म | देखि | सम्म | देखि | सम्म |
| १ | २०७९/११/२३ | १ | ३०० | ३०१ | ५०० | ५०१ | ८०० | ८०१ | ११०० |
| २ | २०७९/११/२४ | ११०१ | १४०० | १४०१ | १६०० | १६०१ | १९०० | १९०१ | २२०० |
| ३ | २०७९/११/२५ | २२०१ | २५०० | २५०१ | २७०० | २७०१ | ३००० | ३००१ | ३३२६ |

**पुनश्चः- उत्तिर्ण भएका व्यक्तिहरुको सि.नं. अनुसारको नामावली यस कार्यालयको वेभसाईटबाट हेर्न तथा डाउनलोड गर्न सकिनेछ ।**

०७९।११।१६

ग) रोजगार आवेदन फाराम (Job Application Form) दर्ता तालिका

- **रोजगार आवेदन मिति:–** २०७९ फागुन २६ गते (तदानुसार १० मार्च, २०२३) शुक्रबार देखि २०७९ चैत्र १० गते (तदानुसार २४ मार्च, २०२३) शुक्रबार सम्म ।
- **रोजगार आवेदन दर्ता प्रकृया:–** रोजगार आवेदन फाराम (Job Application form) दर्ता यस शाखाको वेभसाईट http://epsnepal.gov.np/ मा गई अनलाईन मार्फत मात्र भर्नु पर्नेछ ।
- **रोजगार आवेदन शुल्क:–** रोजगार आवेदन शुल्क पाँच (५) अमेरिकी डलर लाग्नेछ । आवेदकले जुन दिन आवेदन फाराम दर्ता गर्ने हो सो दिनको अघिल्लो दिनका लागि नेपाल राष्ट्र बैंकले तोकेको विनिमय दरका हिसाबाट हुन आउने नेपाली रुपैया खल्ती (Khalti) वा कनेक्ट आई.पी.एस (Connect IPS) वा माछापुच्छ्रे बैंकमा रहेको यस कार्यालयको खाता नं. २३०१५२४३७४०१५०१७ वा ०१२००३७४०१५०००१२ मार्फत बुझाउन सकिनेछ । फाराम भर्ने तरिका http://epsnepal.gov.np/jobappform-online/ मा गई हेर्न सकिनेछ ।

- **आबेदन साथ स्क्यान गरी अनिवार्यरुपमा पेश गर्नु पर्ने कागजातहरु:**
  १.राहदानीको अनुहार प्रष्ट देखिने गरी रंगिन प्रतिलिपि १ प्रति (राहदानीको वहाल अवधी कम्तीमा एक बर्ष रहेको) ।
  २. स्वास्थ्य परीक्षण प्रमाणपत्रको सक्कलै प्रति ।
  ३. प्रहरी प्रतिवेदनको सक्कलै प्रति ।
  ४. आवेदन फाराम वापत शुल्क तिरेको प्रमाण ।
  ५. ३ महिना यता खिचेको दुवै कान देखिने एम. आर. पी. साईजको सेतो पृष्ठभूमी भएको, Upper Chest देखिने, सेतो कपडा नलगाएको अनुहार प्रष्ट देखिने पासपोर्ट साईजको रंगिन फोटो एक प्रति ।
- **आवेदकले ध्यान दिनु पर्ने कुराहरु :**
  - ❖ पाटन अस्पताल, लगनखेलमा स्वास्थ्य परीक्षण गर्ने आवेदकहरुले बिहान ८:०० बजे, शुक्रराज ट्रपिकल अस्पताल, टेकूमा स्वास्थ्य परीक्षण गर्ने आवेदकहरुले बिहान ९:०० बजे, नेपाल कोरिया मैत्री अस्पताल, ठिमीमा स्वास्थ्य परीक्षण गर्ने आवेदकहरुले बिहान ७:०० बजे र निजामती अस्पताल, मिनभवनमा स्वास्थ्य परीक्षण गर्ने आवेदकहरुले बिहान ७:०० बजे सम्बन्धित अस्पतालमा गई स्वास्थ्य परीक्षण गराउनु पर्नेछ ।
- सम्बन्धित अस्पतालले जानकारी गराए अनुसार स्वास्थ्य परीक्षण गर्नु २ दिन पुर्व देखि सादा खाना खाने (माछा, मासु, मदिरा) नखाने ।
- स्वास्थ्य परीक्षण गर्न जाँदा आफुलाई सजिलो हुने लुगा (जस्तै:- ट्राउजर, भेष्ट) लगाएर जाने ।
  - ❖ निजामती अस्पतालमा स्वास्थ्य परीक्षण गर्न जाने व्यक्तिहरुको हकमा १ प्रति राहदानीको प्रतिलिपी (प्रतिलिपी अगाडी आफ्नो मोवाईल नम्बर लेख्ने), ३ प्रति MRP साईजको फोटो (एक प्रतिको पछाडी आफ्नो नाम लेख्ने) लिई अस्पतालमा सम्पर्क गर्नुहोला ।
- योग्य सूची (Roster) मा समावेश हुनु भनेको कामदारका रुपमा कोरिया जान योग्य हुनु हो तर शत प्रतिशत (१००% ) रोजगार पाउने ग्यारेन्टी भने होइन ।
- गणतन्त्र कोरियाबाट निष्काशन भएका, over stay र illegal रुपमा कोरिया बसेका व्यक्तिहरु रोजगार आवेदनका लागि अयोग्य ठहरिने छन् । त्यस्ता व्यक्तिहरुले राहदानीमा नाम, जन्म मिति, ठेगाना आदि परिवर्तन गरी आवेदन दिएको प्रमाणित भएमा कानून वमोजिम दण्डनीय हुने कुरा सम्बन्धित सबैलाई जानकारी गराईन्छ ।

**"कोरियन भाषा परीक्षा (EPS-TOPIK) उत्तीर्ण भई रोजगार आवेदन फाराम (Job Application form) भरी रोष्टरमा सूचिकृत हुँदैमा कोरियामा रोजगारीको ग्यारेन्टी नहुने हुँदा आफूले गरिरहेको पेशा, व्यवसाय, अध्ययन आदिलाई नियमित गर्न अनुरोध गरिएको छ " ।**